# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## रोजगार सेवा केन्द्र

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.: ०७७/०७८
च.नं.: ६८२८ मिति.: २०७८/०२/२०

**श्री वडा कार्यालय (सबै),**
भरतपुर महानगरपालिका, चितवन ।

**बिषयः श्रममूलक आयोजनाको लागि प्रस्ताव पेश गर्ने बारे ।**

प्रस्तुत बिषयमा यस महानगरपालिकाको रोजगार सेवा केन्द्र लाई आ.व. २०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट रोजगार सेवा केन्द्रमा सुचिकृत बेचोजगार व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारीका लागि विनियोजित हुने शसर्त अनुदान रकम बाट खर्च हुने गरि यसै पत्र साथ संलग्न **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ४ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ११ दफा ७०** बमोजिमका श्रममूलक आयोजनाहरुको विवरण आवश्यक छ । उक्त दफा बमोजिम विभिन्न वडाहरुमा हुने श्रममूलक बिकाश निर्माणका आयोजनामा श्रम लागत प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च हुने र अन्य लागतको लागि स्थानीय तह संग सहकार्य हुन सक्ने व्यवस्था कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ६ र ७ मा रहेको छ । तसर्थ आगामी आ.व. २०७८/७९ मा संचालल हुने रोजगार मूलक आयोजनाको प्रस्ताव यस महानगरपालिको रोजगार सेवा केन्द्रमा पेश गर्नु हुन अनुरोध छ ।

..............................
(भोजराज खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Phone no.: 056-520167, 521467, 530062, 526951, 522252, 525771. Fax: 056-520014
Email: bmc@ntc.net.np Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मितिः फाल्गुन २७, २०७३)

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

"सामुदायिक आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रम प्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक रोजगारमूलक आयोजनालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## रोजगारमूलक आयोजनाको प्रकृति

३. **आयोजनाको प्रकृतिः** स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम कामका लागि पारिश्रमिकमा आधारित देहायका प्रकृतिका रोजगार आयोजना सञ्चालन गर्न सक्नेछः

(क) **सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनाः** सूचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्य (क्यास पर कन्सट्रक्सन वर्क) सँग सम्बन्धित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) **सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमूलक आयोजनाः** स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने (क्यास फर मेन्टेनेन्स वर्क) गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन ।

(ग) **श्रमिकको ज्याला रकममा साझेदारी आयोजना :** सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजनामा सूचिकृत बेरोजगारलाई संलग्न गराइ सोको लागि आवश्यक ज्याला वापतको रकममा यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी (लेवर वेज सेयरिङ्ग) गरिने आयोजनाको सञ्चालन ।

(घ) **अन्य सार्वजनिक क्षेत्रका आयोजना :** सार्वजनिक रोजगारदाताले सञ्चालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक माग भएमा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार खटाई सञ्चालन हुने आयोजना ।

## परिच्छेद ३
## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

४. **आयोजना तर्जुमाः** (१) स्थानीय तहले यस कार्यक्रमको लागि वार्षिक योजना तर्जुमा गर्दा देहायका श्रममूलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनु पर्नेछ :-

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने ।

(२) उपदफा (१) बमोजिम सामुदायिक आयोजना छनौट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरी छनौट गर्नु पर्नेछः-

(क) सडक निर्माण तथा मर्मत सम्भार

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार

(ङ) शिक्षा

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(३) उपदफा (२) बमोजिमको श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरी आयोजना बैंक (प्रोजेक्ट बैङ्क) तयार गर्नु पर्नेछ र यसरी स्वीकृत भई आयोजना बैंकमा रहेका आयोजनाहरुबाट प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना सञ्चालन गर्नुपर्नेछ ।

तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई स्थानीय तहको वडाको संख्याका आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यान्वयनका लागि प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन ।

(४) समान उद्देश्य प्राप्तिका लागि अन्य सरकारी निकाय वा गैर सरकारी वा समुदायमा आधारित संस्थाबाट आयोजना सञ्चालन हुने अवस्थामा आयोजनामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नु पर्नेछ ।

५. **रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरण:** (१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलव्ध हुने गरी दफा ४ बमोजिमका आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथिमिकिकरण गर्दा साझेदारीमा सञ्चालन हुने दफा ३ को खण्ड (ग) का आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमश: तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्नेछ ।